जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक ११७ | २०७९ साल मंसिर १९ गते सोमबार (5 Dec. 2022 Monday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : संसद्मा बहुमत पुर्याउन हामी.. ३ पृष्ठमा : ४३ हजार मेट्रिकटन मल ... ३ पृष्ठमा ल्हेबनानी शरणार्थीलाई सहयोग..

# बरिष्ठ पत्रकार भट्टराईको अन्तिम बिदाई

## पत्रकार महासंघद्वारा झण्डा ओढाएर सम्मान

**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष एवं सप्तरीका वरिष्ठ पत्रकार शिवहरि प्रसाद भट्राइको आइतबार अन्त्येष्टी गरिएको छ। राजविराज ७ निवासी भट्टराईको कोशी ब्यारेज घाटमा अन्त्येष्टी गरिएको हो ।



पत्रकार महासंघ सप्तरीको संस्थापक अध्यक्ष समेत रहेका ६८ वर्षिय बरिष्ठ पत्रकार भट्टराईलाई अन्तिम विदाई गर्न पत्रकारका साथै मधेश प्रदेशका मुख्यमन्त्रि, मन्त्रि, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनीधीका साथै सयौं शुभेच्छुकको भिड लागेको थियो ।

निवासस्थलमा जसपा अध्यक्ष उपेन्द्र यादव, मधेश प्रदेशका मुख्यमन्त्रि लालबाबु राउत, अर्थमन्त्रि शैलेन्द्र प्रसाद साह, जसपाका राजनीतिक समिती सदस्य अमरनाथ मण्डल, राष्ट्रिय सभाका सदस्य मृगेन्द्र कुमार सिंह यादव, पुर्वमत्रि उमेश यादव, रेणु यादव, जयप्रकाश प्रसाद गुप्ता, नगर प्रमुख भिमराज यादव (हाल निलम्बीत अवस्थामा रहेका), पुर्व नगर प्रमुखद्वय गोबिन्द सिंह, शैलेश चौधरी, नागरिक समाजका अध्यक्ष थान सिह भन्साली, निर्वाचन आयोगका पूर्व प्रमुखआयुक्त डा. अयोधीप्रसाद यादव, उद्योग बाणिज्य संघका निर्वतमान अध्यक्ष अरुण प्रधान लगायतले अन्तिम श्रद्धाञ्जली अपर्ण गरे ।

सो अवसरमा मुख्यमन्त्रि राउत, जसपा अध्यक्ष यादव तथा पुर्व मन्त्रि गुप्ताले भट्टराईको निधनले जिल्लालाई मात्र होइन मुलुकलाइ नै अपुर्णीय क्षती भएको बताए ।

अन्तिम श्रद्धाञ्जलीका लागी भट्टराईको पार्थिव शरीर पत्रकार महासंघ शाखा सप्तरी परिसरमा समेत राखिएको थियो । त्यहा शाखाका अध्यक्ष श्रवण देव, उपाध्यक्ष बैजनाथ यादव, सचिव रामनारायण विश्वास, कोषाध्यक्ष नवीन गुप्ता, पत्रकार महासंघका केन्द्रिय सदस्य ललिता साह, महासंघका राष्ट्रिय परिषद सदस्य मनोज कुमार माझी, पुर्व केन्द्रिय सदस्य अवधेश झा, महासंघ सप्तरी शाखाका पुर्व सभापती, बैजनाथ झा, विष्णु मण्डल, धिरेन्द्र साह, मुरली प्रसाद यादव, जितेन्द्र खडगा लगायतले महासंघको झण्डा ओढाएर सम्मान गरे ।


सम्मान पश्चात् निकालिएको शवयात्रामा जिल्लाका पत्रकार, राजनीतिक दलका नेतृत्व र सर्वसाधारणको उलेख्य सहभागीता रहेको थियो ।

भट्टराईका जेष्ठ सुपुत्र

*बाँकी अन्तिम पृष्ठमा*



# भावपूर्ण श्रद्धाञ्जली



**स्व. शिवहरि प्रसाद भट्टराई**

सप्तरीका वरिष्ठ पत्रकार एवं मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष **शिवहरि प्रसाद भट्टराई**को २०७९ मंसिर १७ गते शनिबारका दिन ६८ वर्षको उमेरमा असमायिक निधन भएकोप्रति दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**अनिल कुमार अनल**
**सम्पादक**
राजविराज दैनिक

